गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी गण्डकी प्रदेश, नेपाल २०७३

Sangam®

**मिति २०८१।०२।१५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १९ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** श्री British Member-Gandaki JV ले गैंडाकोट नगरपालिकाको कार्यालयमा मिति २०८१/०२/१४ को पत्रबाट माग भई आए बमोजिम यस कार्यालयको बोलपत्र नं. 04/IR/NCB/ GMO/080/081, Riverbed Materials Excavation, Collection and Sales (Ward No. 7) गैंडाकोट नगरपालिका वडा नं. ७ मुरलिटार क्षेत्रबाट नदिजन्य पदार्थ उत्खननको लागि भएको सम्झौता अनुसार तोकिएको समय अभावको कारण देखाई नदिजन्य पदार्थ संकलन तथा बिक्री गर्न जग्गा उपलब्ध गराईदिन अनुरोध भई आएकोले र मिति २०८१।०२।१४ को वडा नं. ७ को वडा कार्यालयको च.नं.१४३३ को सिफारिस समेतको आधारमा हाललाई करीब ४ बिघा जग्गा प्रति महिना रु.२५,०००/- राजश्व लिने गरी नारायणी नदी किनारमा रहेको गैंडाकोट वडा नं. ७ को सरकारी जग्गालाई भाडामा प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको डिजिटल प्रोफाईल तयार गर्न मिति २०८०/११/११ गते हिमालय टाइम्स मार्फत जारी गरिएको आशय पत्र Development & Implementation of GPS and Web Based Dynamic Digital Profile System of Gaindakot Municipality, Nawalparasi (Ba.Su.Pu) EOI No: 1/GM/EOI/NCB/2080-081 माग गरिएको र रित पूर्वक म्याद भित्र दर्ता हुन आएका आशय पत्रदाताहरुको मूल्याङ्कन पश्चात यस कार्यालयबाट मिति २०८१/०१/२० गते हिमालयन टाइम्स मार्फत संक्षिप्त सूचिमा सूचिकृत हुन सफल परामर्शदाताहरुलाई जारी गरिएको RFP (Development & Implementation of GPS & Web Based Dynamic Digital Profile System of Gaindakot Municipality, Nawalparasi (Ba.Su.Pu). RFP No:01/GM/RFP/NCB/2080-081) सम्बन्धमा २०८१/०२/०६ गते बसेको १७ औ नगर कार्यपालिका बैठकको निर्णय बमोजिम नगरस्तरीय विज्ञहरु एंव सरोकारवालाहरुसँग छलफल गरी आवश्यक प्रकृया बढाउने निर्णय भए बमोजिम मिति २०८१/०२/०८ मा विज्ञहरुकोसंगको छलफल मार्फत प्राप्त राय सुझावका आधारमा RFP रद्द गरि नयाँ प्रकृयाबाट अगाडी बढ्ने निर्णय भएको र मिति २०८१/०२/१५ गते बसेको १९ औ नगर कार्यपालिका बैठकको निर्णय बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ४ अनुसार खरिद प्रकृया अन्त्य गरिएकोले संक्षिप्त सूचिमा सूचिकृत भएका सफल परामर्शदाताहरुलाई जानकारी दिन नगरपालिकाको कार्यालयलाई सूचना जारी गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३** नगरपालिकाको कार्यालयलाई नदीजन्य पदार्थ उत्खनन कार्यको लागि २ थान एक्सभेटर मेसिन शिलबन्दी दरभाउपत्र मार्फत भाडामा लिन प्रचलित कानून बमोजिमको शर्तहरुको अधिनमा रही ७ (सात) दिने सम्बन्धीत सबैको जानकारीको लागि सूचना जारी गर्न निर्देशन दिने साथै गैंडाकोट नगरपालिकाको IEE प्रतिवेदनबाट स्वीकृत परिमाण अनुसार वडा नं. ६ र ७ को सिमा क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन गरी गण्डकी प्रदेश सरकारले तोकेको प्रति घन फिट रु. ९.९० रोयल्टी शुल्क लिई अग्रीम रुपमा राजस्व र लोडिङ् खर्च लिई कार्यालयबाट नगरस्तरीय उपभोक्ता समितिलाई प्रथामिकता प्रदान गर्दै जो सुकै ईच्छुक व्यक्ति, संस्था, कम्पनी वा फर्मलाई विक्री व्यवस्थापन गर्नको लागि नगरपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगर भित्र सञ्चालन हुने एवं भएका योजना तथा कार्यक्रमहरुलाई तोकिएको समयमा नै सम्पन्न गर्न, समस्या देखा परेमा समन्वय एवं सहजीकरण गरी समाधान गर्न जिल्ला स्थित सरकारी कार्यालयहरु एवं सरोकारवाला पक्षहरुसंग समन्वयात्क बैठक व्यवस्थापन गर्न कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको आ.ब. ०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री वितरण कार्यका लागी आब्हान गरिएका ठेक्का नं.: 03/IR/NCB/GMO/080/081 र 04/IR/NCB/GMO/080/081 को यस कार्यालयबाट गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७ बमोजिम स्वीकृत बोलपत्रदातासंग क्रमश: मिति २०८१/०२/०९ र २०८१/०२/१४ मा गरिएका सम्झौता सम्मका कार्यहरु अध्ययन गर्दा सन्तोषजनक रहेको पाईयो । प्रारम्भिक बातावरणीय अध्ययन प्रतिबेदन (अध्यावधिक) लाई कार्यान्वयन गर्न, नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिकी वितरण सम्बन्धी कार्यलाई बातावरणमैत्री तथा पारदर्शी र कानुन सम्बत बनाउन मिति २०८०/१२/०२ मा यस कार्यपालिकाबाट गठीत साधारण निर्माणमुखी पदार्थ लगायतका सामाग्री उत्खनन , संकलन तथा बिक्री निर्देशक समितिलाई अनुगमन नियन्त्रण तथा सहजीकरण गर्न पूर्ण जिम्मेवारी बहन गरी कार्य गर्न निर्देशन दिने साथै अनुगमन र नियन्त्रणलाई पूर्ण जिम्मेवारी साथ कार्य गर्न ठेक्का व्यवस्थापन भएका सम्बन्धित वडाको वडा स्तरीय अनुगमन समिति, नगरस्तरीय अनुगमन समिति, प्रमुख प्रशासकीय अधिकृतद्वारा मिति २०८१।०२।०९ गते गरिएको अधिकार प्रत्यायोजन गरिएका शाखा,नगर प्रहरीलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६** गैंडाकोट नगरपालिका वडा नं. १३ को वडा समितिबाट निर्णय भई सिफारिस आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १३ | शान्ति मार्ग स्तरोउन्नती सि.नं.५२७ | रु.२,००,०००/- | सिख्रौली टोल अन्तर्गत खुला व्यायमशाला निर्माण | रु.३,००,०००/- |
| १३ | लक्षित वर्ग कार्यक्रम सि.नं.५१८ | रु.१,००,०००/- | | |

छविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख